आज मिति २०८३ जेष्ठ ५ गते मंगलबारका दिन दुहवी नगरपालिकाका नगर प्रमुख श्री वेदनारायण गच्छदारज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा तपसिलका विषयहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिती:

| सि.नं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | वेद नारायण गच्छदार | नगर प्रमुख | |
| २ | मेनुका पोखरेल खतिवडा | नगर उप-प्रमुख | |
| ३ | मो.अजुल हुसैन | वडा अध्यक्ष | |
| ४ | अरविन्द कुमार विश्वास | वडा अध्यक्ष | |
| ५ | माधव बहादुर भण्डारी | वडा अध्यक्ष | |
| ६ | मो.मस्तकी मिया | वडा अध्यक्ष | |
| ७ | रमेश रौनियार | वडा अध्यक्ष | |
| ८ | रेखा कुमारी परियार | का.वा.वडा अध्यक्ष | रेखा |
| ९ | विजय कुमार चौधरी | वडा अध्यक्ष | |
| १० | तारिकचन्द सरदार | वडा अध्यक्ष | |
| ११ | मेहदी हुसेन | वडा अध्यक्ष | |
| १२ | तुलाराम माझी | वडा अध्यक्ष | |
| १३ | खड्गनारायण उराव | वडा अध्यक्ष | |
| १४ | रामचन्द्र चौधरी | वडा अध्यक्ष | |
| १५ | ललिता चौधरी | कार्यपालिका सदस्य | ललिता |
| १६ | बबिता देवी थरूनी | कार्यपालिका सदस्य | बबिता |
| १७ | सरिता कुमारी रिषिदेव | कार्यपालिका सदस्य | सरिता |
| १८ | ललिता सादा हरिजन | कार्यपालिका सदस्य | |
| १९ | मिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | जयब्रत सरकार | कार्यपालिका सदस्य | |
| २१ | धर्मेन्द्र रिषिदेव | कार्यपालिका सदस्य | |
| २२ | सरिता मुसहर्नी | कार्यपालिका सदस्य | सरिता |
| २३ | सुवर्ण घिमिरे | प्र.प्र.अ. | |
| २४ | शिवनारायण चौधरी | सहयोगी | |
| २५ | पन्नालाल चौधरी | का.वा. वडा नं. 6 | |
| | | | |

आज मिति २०८३ जेष्ठ ०५ गते मंगलवारका दिन दुहवी नगरपालिकाको नगर प्रमुख वेदनारायण गच्छदारज्यूको अध्यक्षतामा वसेको कार्यपालिका वैठकमा तपसिल वमोजिमको प्रस्तावहरु पारित गर्ने निर्णय गरियो ।

**प्रस्तावहरुः**

प्रस्ताव नं. १ - वार्षिक योजना प्रगति सम्वन्धमा ।
प्रस्ताव नं. २ - बजार अनुगमन तथा MRP व्यवस्थापन सम्वन्धमा ।
प्रस्ताव नं. ३ - विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि सम्वन्धमा ।
प्रस्ताव नं. ४ - खरिद गुरु योजना निर्माण सम्वन्धमा ।
प्रस्ताव नं. ५ - विविध ।

निर्णयहरुः

निर्णय नं. १ - प्रस्ताव नं १ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक योजना तथा कार्यक्रमको भौतिक प्रगति ८५ प्रतिशत भएको आधारमा २०८३ बैशाख ३१ सम्म सम्झौता भएका कार्यक्रम असाढ १५ सम्म सम्पन्न गराउन निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ - प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाको वजार क्षेत्र भित्र रहेको उद्योग, व्यवसायहरुले अधिकतम खुद्रा मुल्य MRP कायम गरी सूचि आधारमा सामाग्री विक्री वितरण गरे/नगरेको विषयमा वजार अनुगमन गरी हप्तादिन भित्र मुल्य सूचि लेवलिङ गर्ने वजार अनुगमन प्रकृया मार्फत तिव्र वनाउन वनाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो । साथै दुहवी बजार ६३० मीटर क्षेत्रका OUTshade हटाउने निर्णय गरियो ।

निर्णय नं. ३ - प्रस्ताव नं ३ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व.२०८३/०८४ देखि सार्वजनिक खरिद ऐन, २०६३ (अध्यादेश) आधारमा तयार गरी कार्यान्वयनमा ल्याउने तथा व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पठाइएको सोझै खरिद सम्वन्धी कार्यसंचालन विधि (SOP) स्वीकृत गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ - प्रस्ताव नं ४ माथि छलफल गर्दा यस नगरपालिकाको सामुदायिक विद्यालयको शैक्षिक अवस्था कमजोर हुदै गरेको झल्को SEE परिणामबाट देखिएकोले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा प्राधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षा शाखा, नगरपालिका तथा वडा सबैबाट आवश्यक अनुगमन, कार्यसम्पादन सुधार एवं अभिभावक सम्बन्ध सुधारमा ध्यान दिई कडाईका साथ पेशागत जिम्मेवारी पुरा गराउन पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ - विविध

निर्णय नं. क प्रस्ताव नं क माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ५ मा कि.नं.२६ मा निर्मित बहुआयामिक व्यवसायिक भवनको सार्वजनिक नीजि साझेदारीमा संचालन गर्न आशयपत्र माग गरिएकोमा उक्त आशयपत्रको म्याद ३०(तीस) दिन समाप्त भएकोले पुनः १५(पन्ध्र) दिनको म्याद थप गरी आशयपत्र सूचना प्रकाशन गर्न निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं. ख - प्रस्ताव नं ख माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ६ मा ठेक्का लागि संचालन प्रकृया अघि बढेको पुस्पान्जली कन्ट्रक्शनबाट निर्माणधीन RCC सडक तथा नालाको ठेक्कामा अदालती अन्तरिम आदेश अनुसार कार्य स्थिर रहन गएकोले उक्त ठेक्काको म्याद तत्काललाई २०८३ अषाढ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ग- प्रस्ताव नं ग माथि छलफल गर्दा यस नगरपालिकाको राजस्व परामर्श समितिको बैठंकबाट सिफारिस भई आएका आ.व.२०८३/८४ का लागी लगाइने आन्तरिक आय सम्बन्धी ठेक्काको न्यूनतम अंक र करका दरहरुलाई १०% सम्म वृद्धि गरी आजको बैठंकबाट अनुमोदन गरि आगामी परिषदमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. घ- प्रस्ताव नं. घ माथि छलफल गर्दा दुहवी नगरपालिका वडा नं. १० निवासी श्रीमती प्रमिला देवी चौधरीले आफ्ना पति वर्ष ५३ का श्री बिमल कुमार चौधंरीको उपचार सहयोगार्थ आर्थिक सहायता उपलब्ध गराइदिन यस कार्यालयमा निवेदन दर्ता गराएको तथा नोवेल मेडिकल कलेज टिचिङ अस्पताल को चिकित्सकीय प्रतिवेदन अनुसार निजको टाउकोको शल्यक्रिया (अपरेशन) सम्पन्न भई हाल न्यूरो वार्डमा उपचाररत रहेको र थप उपचार आवश्यक देखिएको हुँदा मानवीय संवेदनशीलता तथा उपचार सहयोगको दृष्टिकोणले निजलाई आर्थिक सहायता स्वरूप रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ङ- प्रस्ताव नं. ङ माथि विस्तृत छलफल तथा निर्णय गर्दा, स्वास्थ्य सेवा सुधार कार्यक्रम अन्तर्गत नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट यस दुहवी नगरपालिकालाई प्राप्त भएको सशर्त अनुदान रकम रु. ३५,६५,०००/- (अक्षरेपी पैंतीस लाख पैंसट्ठी हजार रुपैयाँ मात्र) नगर आधारभूत अस्पतालको सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय, नागरिकमैत्री तथा परिणाममुखी बनाउन आवश्यक देखिएको हुँदा उक्त रकम देहाय बमोजिमका कार्यक्रम तथा क्रियाकलापहरूमा विनियोजन गरी खर्च गर्ने निर्णय गरियो।

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | विनियोजित रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | नगर आधारभूत अस्पतालमा कार्यरत चिकित्सक तथा अन्य स्वास्थ्यकर्मी एवं कर्मचारीहरूको पारिश्रमिक (मासिक तलब) व्यवस्थापन | १५,००,००० | |
| २ | नगर आधारभूत अस्पतालको दैनिक सञ्चालन, सेवा व्यवस्थापन तथा EMR प्रणालीको सञ्चालन तथा व्यवस्थापन खर्च | १०,००,००० | |
| ३ | नगर आधारभूत अस्पतालको प्रयोगशालामा Distilled Water Plant खरिद तथा जडान कार्य | २,३५,००० | |
| ४ | नगर आधारभूत अस्पतालका लागि आवश्यक ल्याब केमिकल, प्रयोगशाला सामग्री तथा औषधिजन्य सामग्री खरिद | ८,३०,००० | |
| | जम्मा | ३५,६५,००० | |

निर्णय नं. च- प्रस्ताव नं.च माथि छलफल गर्दा जिल्ला सुनसरी, दुहवी नगरपालिका वडा नं. २ निवासी श्री बिध्यानन्द यादवको नाममा दर्ता कायम रहेको साविक दुहवी वडा नं. ३(ख) कि.नं. ५२ को क्षेत्रफल ०—१०—२.५ जग्गा पश्चिम तर्फ तथा बाटोको पूर्व तर्फ भएको ऐलानी जग्गा दोस्रो पक्ष दुहवी नगरपालिका वडा नं. २ निवासी श्री नेमनारायण विश्वास (रामनारायण विश्वास) बीच उक्त जग्गासँग सम्बन्धित विवादका विषयमा छलफल हुदा दोस्रो पक्षको घरको उत्तरपट्टि रहेको सोलार बत्तीको पोलदेखि उत्तरतर्फको ऐलानी जग्गा स्वास्थ्य कार्यालयको प्रयोजनका लागि वडा नं. २ को वडा कार्यालयबाट खाली गराउने तथा दोस्रो पक्षका छिमेकी श्रीमती मञ्जु उरावको घरदेखि दक्षिणतर्फ रहेको खाली ऐलानी जग्गा समेत वडा कार्यालयमार्फत खाली गराई दुवै पक्षलाई उक्त जग्गाको भोगचलन, उपयोग तथा कुनै किसिमको निर्माण कार्य नगर्न/नगराउन निर्देशन दिने निर्णय गर्ने निर्णय गरियो।